# मोलुङ गाउँपालिकाको
# गाउँसभामा अध्यक्ष श्री मणिराज राई द्वारा
# प्रस्तुत
# आ.व. २०७५/७६ को
# नीति तथा कार्यक्रम

२५ असार, २०७५

मोलुङ गाउँपालिका

प्राप्चा ओखलढुंगा

Website:molungmun.gov.np

Gmail :-molungrm@gmail.com


# १ नम्बर प्रदेश ,  नेपाल




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग,
गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830


Website:molungmun.gov.np
Gmail :-molungrm@gmail.com




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

मोलुङ गाउँपालिकाको विस्तृत विवरण
मोलुङ गाउँपालिका
जम्मा वडा संख्या : ८
जम्मा जनसंख्या १५८६२
समावेश गाविस : कुन्तादेवी, वरुणेश्वर (८-१), हर्कपुर, प्राप्चा, श्रीचौर, पात्ले १),२,७ र रागाँदिप (९-गा.स.वि.
जम्मा क्षेत्रफल :११२ (.मी.वर्ग कि )

# मोलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## आ.व. २०७५।०७६ को बार्षिक नीति तथा कार्यक्रम


Website:molungmun.gov.np
Gmail :-molungrm@gmail.com

मोलुङ गाउँपालिकाको दोश्रो गाउँसभामा पाल्नुहुने प्रमुख अतिथि ,बिशेष अतिथि , उपस्थित अतिथिगण ,गाउँपालिका उपाध्यक्ष ज्यू,प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सम्पुर्ण सदस्यहरु,विषयगत कार्यालय शिक्षा,स्वास्थ्य लगायत कायर्यालयका प्रमुख तथा प्रतिनिधि र गाउँपालिकाका कर्मचारी मित्रहरु, सुरक्षा निकायका प्रतिनिधी ज्यू,पत्रकार मित्र तथा उपस्थित सम्पूर्ण बुबा आमा दाजु भाइ तथा दिदि बहिनीहरु !

संविधान प्रदत्त अधिकार सहित गठित यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमाय सभामा आर्थिक वर्ष २०७५।०७६ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता तथा संघीय लोकतान्त्रिक गणतन्त्रंस्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सवै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु । दशकौ लामो संघर्ष पछि संविधान सभाबाट नेपाल वर्तमानको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्याय सहितको समानुपातिक समावेशी व्यवस्था, मौलिक हक, नागरिक स्वतन्त्रता धर्म निरपेक्षता जस्ता महत्वपुर्ण उपलव्धिहरु संस्थागत भएका छन । सबै प्रकारको विभेद सामाजिक विश्रृङखलता र अन्यायको अन्त्य गर्दै आर्थिक समृद्धि समानता र सामाजिक न्याय स्थापना गर्नको लागि आधार स्थापना भएको छ । संबैधानिक व्यवस्था बमोजिम मुलुकमा ३ तहको सरकार विद्यमान छ । हिजोको केन्द्रिकृत राज्य व्यवस्थाले नागरिकका इच्छा र आवश्यकतालाई सम्वोधन गर्न नसकेको प्रतिफल स्वरुप संघिय संरचना भावना अनुसार स्थानीय तहको निर्वाचन सम्पन्न गरि सिंहदरबारको अधिकार गाउँ गाउँमा पुर्‍याउने उद्देश्यले वर्तमानको स्थानीय सरकार गठन भएको हो। राज्य पुनः सरचनाको क्रममा संघर्षको उपजका रुपमा मोलुङ गाउँपालिका प्राप्त भएको कुरा यहाँहरुलाई विदितै छ । लोकतन्त्रको रक्षा गर्दै स्थानीय बासीको समग्र समृद्धिमा अहोरात्र मोलुङ स्थानीय सरकार लाग्नेछ । हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र समृद्धिमा लागेको एक वर्ष व्यतित भई सकेको छ । एक वर्षको भोगाइको क्रममा विकास र समृद्धिको लागि हामी संग प्रसस्त अवसरहरु भए पनि विविध चुनौतीहरु पनि त्यतीकै रहेको हामीले अनुभव गरेका छौं । हिजो हामीले मोलुङवासी जनताहरुमा गरेका प्रतिवद्धताबाट किञ्चित विचलित छैनौ, गरेका बाचाहरु मध्ये केही बाचाहरु पूरा भै सकेका छन्भने केही वाचाहरु पूरा हुने दिशातर्फ उन्मुख छन । साथै हामी सवै गाउँपालिकावासी जनताहरुको इच्छा र गुनासो सुन्न सधै प्रतिवद्ध छौं । देशमा राजनीतिक क्रान्तिहरु इतिहासको विभिन्न काल खण्डमा भए मलाई लाग्छ अब देशमा आर्थिक क्रान्तिको जरुरत छ, सोही अनरुप हामी विकास निर्माण सुशासन, आर्थिक विकास, नागरिकको क्षमता विकास र समृद्धिको लागि सहकार्य र सहमतिको साथ अघि बढ्न प्रतिबद्ध रहेका छौं । यो प्रतिबद्धता पुरा गर्न स्थानीय सरकार सवै राजनीतिक दल, निजीक्षेत्र नागरिक समाज सञ्चार जगत,सुरक्षा निकाय र मोलुङगाउँपालिकाको शुभ चिन्तक सबैको साथ र सहयोगको अपेक्षा गर्दछौं । गरिमामय सभाका सम्पुर्ण सदस्यहरु । मोलुङ गाउँपालिका , जिल्लाको मध्य भागमा अवस्थीत स्थानीय तह हो । शिक्षा, स्वास्थ्य, आधारभूत सरसफाई,

रोजगारी, प्रतिव्यक्ति आम्दानी लगायतका मानव विकासका सुचांकहरु पनि सन्तोषजनक रुपमा रहेको पाइन्छ । उल्लेखित सकरात्मक पक्षहरुको सही प्रयोग र परिचालन गर्दै गाउँपालिकालाई जिल्ला मात्र नभएर देशमा नै उत्कृष्ट स्थानीय तहको रुपमामोलुङ गाउँपालिकाको परिचय वनाउने तर्फ हाम्रो लक्ष्य केन्द्रित हुनेछ ।

बिगतको समिक्षा :-

मोलुङ गाउँपालिकाका सचेत मतदाताले दिएको अभिमत अनुरुप सहमति सहकार्य र समावेशी सहभागिताको भाबनालाइ आत्मसात गर्दै आर्थिक सामाजिक बिकास सार्बजनिक सेवा प्रबाह आर्थिक अनुशासन र सुशाशन प्रबर्द्दनका कार्यक्रमहरुलाई उच्च प्राथमिकता राख्दै आर्थिक बर्ष २०७४/७५मा निम्न उपलब्धि हासिल गर्न सफल भएका छौ।

•उन्नत जातको धान मकैको बिउ खरिद , साना सिंचाई कार्यक्रम (हिल ट्यांक) र तरकारी बिउ प्याकेज ५०% अनुदानमा कृषक हरुलाई बितरण गर्न सफल भएका छौ।

•दुधमा आत्मनिर्भर मासुमा आत्मनिर्भर अन्डामा आत्मनिर्भर कार्यक्रमको थालनी भएको छ।

•सम्पूर्ण शैक्षिक सस्थाहरु / स्वास्थ्य सस्थामा मा बिद्धुतीय हाजिरी जडान गर्ने अभियान अन्तर्गत २ शैक्षिक सस्था र १ स्वास्थ्य सस्थामा विधुतीय हाजिरी जडान गर्न सफल भएका छौ ।

•ग़ाउकार्यपालिकाको कार्यालय मा सिसिटिभी जडान, डिजिटल बोर्ड राख्न सफल भएका छौ ।

•मोलुङ गाउपालिकाको वेब साइट molungmun.gov.np र फेसबुक पेजअपडेट तथा संचालन गर्न सफल भएका छौ।

•बिकट स्थानहरुमा निशुल्क स्वास्थ्य सिबिर, आँखा जाँच गरी निशुल्क चस्मा वितरण,खकार जाँच,क्षयरोग जाँच,पाठेघर खसेका महिला हरुको छनौट सिबिर संचालन गरि गाउपालिका मार्फत निशुल्क औषधि सेवा प्रदान गर्न सफल भएका छौं।

•मोलुङ ७ पात्लेमा बर्थिङ सेन्टर को निर्माण एबम नबजात शिशु र आमाको स्वास्थ्यमा सुधार ल्याउन सफल भएका छौ।

•मुख्य सडक एबम साखा सडकहरुको ट्र्याक ओपन तथा स्तरउन्नति कार्य अगाडी बढाइरहेका छौ।

•नेपाल सरकार अर्थ मन्त्रालयको नीति बमोजिम एक स्थानीय तह एक बैकिङ कारोबार अन्तर्गत जिल्लामै सबै भन्दा पहिला सनराइज बैकको स्थानीय मोलुङ शाखाको स्थापना एबम संचालन गराउने हाम्रो प्रयास सफल भएको छ।

•महिला स्वास्थ्य स्वयम् सेविका हरुलाई उहाँहरुको कामको कदर गर्दै प्रती व्यक्ति रु पाँच हजार,फ्रेम सहित प्रमाणपत्र,१ वटा छाता र दोसल्ला ओढाई सम्मान कार्यक्रम भब्य रुपमा सम्पन्न भएको छ।

मोलुङ गाउँपालिकाका निम्न स्थानहरुमा नयाँ सडकको ट्र्याक खोली जनताको जिवन स्तर सहज बनाउन सफल भएका छौं :

- प्राप्चा बडरे बाट आम्बोटे सम्मकार्कीगाउँ हुँदै हर्कपुर जिवन प्रदिप मा.वि. सम्मयान्दा सिस्ने खोला मंगलबारे हिलेखर्क खोली बौध सम्म मंगलबारे हेल्थपोष्ट हुँदै जनसहयोग आधारभुत विद्यालय पत्करी राँगादिप माझकोर्नम हुँदै कात्तिके सडक थापाचौर ढुस्के

मावि तोरी स्वाँरा हुँदै रामपुर जोड्ने सडक सम्म ठुलो पँधेरो देवली चौर भुसुने सम्म बागचिण्डु पाल्ले मावि तालकोट हुँदै रमिते डाँडा थलहरी सैमाल सडक जोरढुङ्गा ढाँडे-सखरे सडक प्राप्चा लोप्रे जिर्गु हुँदै थुम्की धार्मिक सडक हर्कपुर नेपाल पँधेरा मानेगाउँ घलेगाउँ राँगादिप मा.वि. हुँदै सिरवनी पोक्तिङ दोभान सम्म पसल डाँडा वितलव कुन्तादेवी ढकाल गाउँ फागुनेटार हुँदै लिपे दोभान सम्म ।

त्यसैगरी हामीले निम्न सडकहरुको निरन्तर मर्मत संभार तथा स्तरोन्नती गरेका छौं :

- ओखलढुङ्गा रामपुर प्राप्चा श्रीचौर सडक
- रुपेटार जरायटार सडक
- पहिरे खोला ढुस्के विगुटार राँगादिप सडक
- जन्तरधाप सिँगाने झाप्रे पाल्ले सडक
- रामपुरटार धोबीखोला सिम्ले हुँदै दोभान सडक
- गहते चिउरीबोट सडक
- खेलकुद तर्फ गाउँपालिका स्तरीय भलिबल प्रतियोगिता समेत आयोजना भएको साथै अन्य गाउँपालिका मा अन्तर गाउँपालिका स्तरीय भलिवल प्रतियोगितामा मोलुङ गाउँपालिका उत्कृष्ट स्थान हाँसिल गर्न सफल भएको छ ।
- शैक्षिक उन्नयन तर्फ बरुणेश्वरले मा.वि. SEE परिक्षामा पूर्वाञ्चल तथा प्रदेशमै पटक पटक प्रथम स्थान हाँसिल गरेको सुखद उपलक्ष्यमा गाउँपालिकाको तर्फबाट रु ५० हजार र प्रमाण पत्र प्रदान गरिएको छ ।
- मोलुङ गाउँपालिका भित्र रहेका विभिन्न आ.वि. तथा मा.वि. मा शिक्षा क्षेत्रको विकासका लागि अनुदान व्यवस्था भएको छ ।
- यसै शैक्षिक सत्रबाट बरुणेश्वर उ.मा.वि. मा कृषि पशु तर्फको JTA भेटनेरी तर्फ कक्षा १२ सम्म अनुमती प्रदान गरी पठनपाठन सुरु भएको छ ।
- बढ्दो प्राविधिक शिक्षाको माग लाई मध्यनजर गर्दै शिवदुती मा.वि. मा कक्षा ९ देखिनै सिभिल इन्जिनियरीङ कक्षा सञ्चालन गरी आवश्यक अनुदान सहयोग समेत भएको छ ।
- पर्यटन क्षेत्र विकास को लागि रामपुर प्राप्चा मितेरी झोलुङे पुल,सेप्ली झरना सेल्फी पुल निर्माणको लागि प्रदेश तथा संघिय सरकार सँग माग भएको छ ।
- मोलुङ गाउँपालिका वडा नं. ६ को खोलाखर्क बाट मोलुङ खोलाको पानीले १५ मेगावाट क्षमताको विद्युत उत्पादन गर्नको लागि आवश्यक पहल निरन्तर रुपमा भएको छ ।
- मोलुङ गाउँपालिका पुरै कुल (क्षेत्रफल) ११२ वर्ग किलोमिटर क्षेत्रफल भित्र केन्द्रिय प्रसारण लाइन बिस्तारको लागि विद्युत प्राधिकरण र प्रदेश सरकारलाई अनुरोध सहित सिफारीस भएको छ ।

● गाउँपालिका तथा वडा कार्यालयको लागि आवश्यक जग्गा उपलब्ध गर्नको लागि आवश्यक पहल गरिएको र निकट भविष्यमै गाउँपालिकाको नाममा जग्गा रजिष्ट्रेसन पास तर्फ उन्मुख भएको छ ।

हामीले कार्यभार सम्हाल्दा गाउँपालिकामा कार्यालय व्यवस्थापनको कमी, कर्मचारी अभाव, नीतिगत र कानूनी अन्यौलता, स्पष्ट मार्गनिर्देशनको कमी, विषयगत कार्यालयहरुको कार्यक्षेत्र र जिम्मेबारी अन्यौलता जस्ता समस्याहरु विद्यमान थिए, वर्तमान सम्म आइपुग्दा उल्लेखित समस्याहरुको धेरै हदसम्म सम्बोधन भई गाउँपालिकाले लिएको लक्ष्य र उद्देश्यमा पुग्ने बाटो स्पष्ट भएको छ ।

मोलुङ गाउँपालिकाले आ.ब. २०७५/०७६ को लागि अवलम्वन गर्ने क्षेत्रगत नीतिहरु

मोलुङ गाउँपालिकाबाट आगामी आ.व २०७५।०७६मा निम्न अनुसार क्षेत्रगत नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छन । गाउँपालिकाको समग्र विकासको लागि आन्तरिक एवं बाह्य आयको पर्याप्तताको आधारमा नीतिले अख्तियार गरेका कार्यक्रमहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ । साथै यी क्षेत्रगत नीतिहरु यस गाउँपालिकाको मार्गदर्शनको रुपमा रहनेछन् । नीति तथा कार्यक्रमलाई आधारमानी आ.ब. ०७५।०७६को बजेट तयार गरिनेछ । अव म गरिमामय गाउँसभामा आगामी आ.बमा अवलम्वन गरीने क्षेत्रगत र विषयगत नीतिहरु क्रमश प्रस्तुत गर्दछु ।

क) आर्थिक विकास :

१) कृषि/ पशु

●"एक घर एक करेसाबारी " कार्यक्रम संचालन गरिनेछ ।

● कृषि पेशालाई व्यावसायिक र सम्मानित पेशाको रुपमा विकसित गर्ने नीति लिइने छ ।

● परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक र आधुनिक बनाउँदै सरोकारवालाहरुलाई उत्प्रेरित गरिनेछ ।

● कृषि जोन क्षेत्र निर्माण (पकेट क्षेत्र) ,पशु पालन जोन क्षेत्र निर्माण तोकिने छ ।

● एक गाउँ एक उत्पादन सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारको कृषिका कार्यक्रमहरु तय गरिनेछ ।

● युवाहरुलाई कृषि पेशातर्फ आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रमहरु लागु गरिनेछ ।

●कृषिमा आधुनिकीकरणका लागि यन्त्र उपकरण अनुदानमा वितरण कार्यक्रमगर्न पहल थालिने छ ।

● माटो परीक्षण, रोग परीक्षण, कृषि विशेषज्ञ सहितको शिविर प्रत्येक वडामा सञ्चालन गरिने छ ।

● स्थानीय भू–उपयोग नीति तयार गरी सरकारी, सार्वजनिक, ऐतिहासिक जग्गाहरुको संरक्षणमा जोड दिइनेछ ।

●गाउँपालिका भित्र एउटा शीतभण्डार र प्रत्येक वडाहरुमा एउटा कृषि उपज संकलन केन्द्रहरु स्थापना गर्ने तर्फ जोड दिइने छ ।

● कृषि उत्पादकत्व वृद्धिमा साना तथा मझौला सिंचाई आयोजनाहरु संचालन गरिनेछ ।

● व्यवसायीक किसानलाई सुलभ व्याजदरमा कृषि ऋण प्रदान गर्ने व्यवस्था मिलाउन गाउँपालिका भित्रका वित्तीय संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

● गाउँपालिकाको सवै वडाका सम्भाब्य क्षेत्रलाई साप्ताहिक वा निश्चित बारहरुमा, हाटबजार, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्रका रुपमा विकास गरी कृषिबजारलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

● जग्गा बाँझो राख्ने प्रवृत्तिलाई अन्त्य गरी जग्गाको चक्लाबन्दी गर्न प्रोत्साहित गराई उत्पादनमा जोड दिने वातावरण सृजना गर्ने नीति लिईनेछ ।

● मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको बीउ, फलफूलको विरुवा, प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान, कृषक समूहलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

● लोप हुन लागेका स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गरिनेछ ।

● प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगतका बिबिध कार्यक्रमहरु लागु तथा बिस्तार गर्न जोड दिइने छ ।

● दुध तथा मासु उत्पादन बृद्धिको लागि कृषकहरुलाई उनीहरुले पालेका पशु पंक्षीको संख्या तथा खेती गर्न उपयोग गरेको जग्गाको आधारमा ब्यबसाय उन्मुख र ब्यबसायिक खेतीमा बर्गीकरण गरी ब्यबसायीकरणमा जोड गरिने छ ।

●दुध मासु र अण्डा मा आत्मनिर्भर बनाउदै लैजाने नीति अपनाइने छ ।

• स्वरोजगार युवा लक्षित कार्यक्रम जस्तै दुग्ध डेरी संचालन , ब्याबसायिक गाइ भैसी पालन बाख्रा पालन कुखुरा पालनलाइ जोड दिइने छ ।

●सामुहिक वा सहकारी खेती प्रणालीको प्रबर्द्धन गरिने छ ।

● तरकारी वाली, अन्न बालीको बिउ उत्पादन तथा उच्च मूल्यका फलफूल नर्सरी स्थापनामा ब्यबसायिक फर्म, कृषक समूह वा कृषि सहकारीलाई परिचालन गरीनेछ ।

● कृषि उपज सङ्कलन केन्द्रलाई ब्यबस्थित रुपले सञ्चालनगरिने छ र आबश्यकता अनुसार थप गर्दै लगिने छ ।

●कृषि बाली तथा पशु विमा गरिने नीति लिइनेछ ।

● दुध, मासुमा आत्मनिर्भर बनी निर्यात गर्ने साथै लेयर्स कुखुराको फर्म सञ्चालनमा प्रोत्साहान गर्ने नीति लिइनेछ ।

●मोलुङ खोलामा मत्स्य पालनको लागि गरेको सम्भाव्यता अध्ययनको प्रतिवेदनतयार गरिनेछ ।

● नमुना तरकारी, नमुना कागती गाउँ, नमुना मकैं विउ ,धान विउ ,गहुँ विउ,पकेट क्षेत्र उत्पादन निर्धारण गरिनेछ ।

● खरायो पालन किसान प्रोत्साहन गर्दै नमुना युवा बाख्रा गाउँ निर्माण कार्यक्रम सुरुवात गरिनेछ ।

●प्राप्चा हर्कपुरलाइ कफी पकेट क्षेत्रको रुपमा बिकास गरिनेछ।

**२) उद्योग तथा वाणिज्य :**

●गाउँपालिकामा स्थानीय श्रम सीप र प्रविधिमा आधारित लधु उद्योगहरु स्थापना गराउने नीति लिइनेछ ।

● लक्षित वर्गको आम आर्जनमा टेवा पुग्ने कार्यहरु सञ्चालन गरी रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

● गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण साना मझौला लघु उद्यमहरुलाई गाउँपालिकामा दर्ता गराउने नीति लिइनेछ ।

● उपभोक्ता हितको संरक्षण गर्न समय समय बजार अनुगमन गर्ने कार्यहरुलाई निरन्तरता दिइनेछ ।

● कालो बजारी, गुणस्तरहीन एवं म्याद गुज्रेका सामान बिक्री वितरण गर्ने व्यावसायीलाई कारवाही गरिनेछ ।

● औद्योगिक ग्रामको स्थापनाको सम्भाव्यता अध्ययन गरी उद्योग स्थापना गर्नका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

३) पर्यटन :

● एकिकृत पर्यटन विकास गुरुयोजनाको तयार गरिपर्यटन विकासका कार्यक्रमहरु तयार गरिदै लैजाने नीति लिइने छ ।

●पर्यटकीय सम्भाबना बोकेका स्थान हरुको एकीकृत पर्यटन विकास म्एच को प्रतिवेदन तयार गरि त्यस अनुरुपको कार्यक्रम तय गरी लागु गरिनेछ ।

● गाउँपालिका भित्र प्रचलित विभिन्न जाति र भाषाको संस्कृति संरक्षणका कार्यक्रमहरुलाई लागु गरिनेछ ।

● जिल्लाको धार्मिक पर्यटकीय स्थान हरु , कुन्तादेबी बरुणेश्वर महादेब मन्दीर ,कालिकादेबी मन्दीर सोलाखार्क ,जलजलेस्वर महादेव त्रिवेणी मकरधाम , मालिका देबी दिप्ली , जलकन्या देबी मन्दिर, भङ्गाले तिन कन्यादेबि ,बेलि चमेली,पन्चकन्या देबी लगायतका मन्दिर संरक्षण र प्रर्वद्धनमा जोड दिइने छ।

●पर्यटकिय क्षेत्र प्रचुर सम्भाबना बोकेका रमणीय सेप्ली, च्यादी झरना को बिकासका निमित्त पुर्वाधार निर्माणमा उचित पहल गरिनेछ ।

● देशकै गौरवको रुपमा रहेकोतीनतले डाँडालाई आन्तरिक पर्यटन संग जोडी मुख्य गन्तव्यको रुपमा विकास गर्ने नीति लिईनेछ ।भ्यु टावर निर्माण,तिनतले बाट प्याराग्लाइडिङ सुरुवात गर्न आवश्यक अध्ययन तथा पहल गरिनेछ , शिब र गौतम बुद्दको मुर्ति स्थापना गरि घार्मिक सहिष्णुतालाइ गुरुयोजना मार्फत तिन तले डाडाको पर्यटकीय बिकासको लागी पहल गरिनेछ।

●थानीढुंगा (झाक्री ओडार ) स्थाल का लागि रामपुर सिरान ट्यांकी देखि सिढी निर्माण गरि थानी ढुंगा को पर्यटकीय बिकासको लागी उचित पहल थालिने छ ।

●जलजलेश्वर त्रीबेणी धाम लाइ धार्मिक पर्यटकीय स्थान को रुपमा बिकास गरिनेछ।

**४) सहकारी :**

● गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनशिल र रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्फ प्रोत्साहित गरिनेछ ।

● सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासन कायम गर्न तर्फ जोड दिइनेछ ।

● सहकारीको माध्यमबाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवन स्तर उकास्ने नीति लिइनेछ ।

**५) वित्तीय क्षेत्र :**

● नागरिकलाई बैंकिङ्क सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने बातावरण सृजना गरिने छ ।

● वित्तिय क्षेत्रहरुलाई पूजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिनेछ ।

● प्रत्येक व्यक्तिलाई अनिवार्य रुपमा खाता खोली बचत गर्ने बानीको विकास गर्न उत्प्रेरण गरिनेछ ।

● हरेक नागरीकलाई बैङकीङ कारोबार सहज र सरल बनाईनेछ ।

● बाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघु वित्त र सहकारीमा निष्कृय रहेको पूजीलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहीत गरिनेछ ।

**६) श्रम तथा रोजागारी :**

● युवा स्वरोजगार बैंक मार्फत युवा उद्यमशीलताका कार्यक्रमहरु संचालन गरिनेछ ।

●शैक्षिक वेरोजगार युवा युवतीहरुको तथ्याक संकलन गरी इच्छा र योग्यताका आधारमा युवा स्वरोजगार क्षमता विकास तालिमहरु संचालन गरिनेछ ।

● स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिई उत्पादन बृद्धि, रोजगारी सृजना र आय आर्जन बृद्धिमा जोड दिइने छ ।

● लघु उद्यमीहरुको संख्या बृद्धि गरिनेछ ।

**ख) सामाजिक विकास :**

**१) शिक्षा :**

●गाउँपालिका भित्रका सम्पुर्ण माध्यमिक विद्यालयहरुमा कम्प्युटर शिक्षामा जोड दिइनेछ।

● “एक स्थानीय तह एक प्राविधिक विद्यालय” संघीय सरकारको नीति बमोजिमश्री बरुनेश्वर माबी रामपुर र श्री शिबदुती माबीप्राप्चामा मा सुरु भएको प्राबिधिक धार तर्फको (सिभिल इन्जिनियरिङ्ग र भेटनरी ) शिक्षा लाइ गुणस्तरीय बनाउदै आगामी दिनमा Diplomaलेभलको पढाई सुरु गर्न आवश्यक पहल गरिनेछ।

●सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट र ई-लाइबेरीसाथै हाल लाइ गाउँपालिकाको केन्द्र मा रहेको श्री शिबदुती माबी र मोलुङ २ मा रहेको श्री बरुनेश्वर माबीमा ICT LAB को स्थापना गरिनेछ र क्रमश सबै माध्यमिक बिद्यालयमा ICT LAB को स्थापना गरिनेछ ।

● विद्यालयको शैक्षिक गुणस्तर उकास्न अध्यापन र परीक्षा प्रणालीलाई मर्यादित, व्यवस्थित र आधुनिक बनाइनेछ।

● विद्यार्थी संख्याको आधारमा विद्यालयलाई मर्ज र तह घटाउने नीति अवलम्बन गरिनेछ।

●शिक्षामा सवैको पहुँच स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

● गाउँपालिका भित्रका सवै सामुदायिक तथा निजी विद्यालयहरुको नियमित रुपमा अनुगमन र मुल्यांकन गरी शैक्षिक सुधार गर्न तर्फ केन्द्रित हुने नीति लिइनेछ।

● सामुदायिक विद्यालयका शिक्षकहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गरी आवश्यकता र औचित्यताको आधारमा अन्तर स्थानीय तह दरवन्दी मिलान गरीनेछ।

● हरेक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुको संचालन गरि विद्यार्थीहरुको चौंतर्फी विकासमा टेवा पुऱ्याउने नीति लिइनेछ।

● सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि, कर्मचारी विद्यालय व्यवस्थापन समिति र शिक्षकका सन्ततिलाई भर्ना गर्ने उत्प्रेरीत गरिनेछ।

●सामुदायिक विद्यालय आधारभूत र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न छात्रबृत्ति वितरण गरिनेछ।

● शैक्षिक प्रशासनलाई चुस्त, दुरुस्त र जवाफदेही वनाउन नियमित अनुगमन गरिने छ।

● शैक्षिक प्रशासन सुधारमा प्रविधिको प्रयोग र प्रभावकारितालाई बढी जोड दिइने छ।

●शिक्षण सिकाईमा सूचना प्रविधिलाई उच्चतम जोड दिइने छ।

●बाल गृह संचालनमा सहयोग प्रदान गरिनेछ।

● गाउँपालिका भित्रका शैक्षिक व्यवस्थापन राम्रो भएका विद्यालयहरुलाई सुचकहरु निर्धारण गरी आधारभूत तथा माध्यमिक विद्यालयहरुलाई पुरस्कृत गरिने छ।

●कक्षा शिक्षणमा प्रविधिको प्रयोग, विषयगत कक्षा शिक्षणमा जुट्न विद्यालयलाई उत्प्रेरणा प्रदान गरिनेछ।

● कक्षा ८ को परिक्षा ग्रेडिं प्रणालीबाट संचालन गरी वैज्ञानिक र व्यवस्थीत गरिनेछ।

● गाउँपालिकाको छुट्टै शैक्षिक क्यालेण्डर प्रकाशनगरिनेछ।

●गाउँपालिका भित्रका विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

● गाउँपालिकाको उच्च शिक्षाको एक मात्र केन्द्रसहिद आदर्श क्याम्पसको उन्नति प्रगतिमा हरसम्भव पहल गरिनेछ ।

●गाउँपालिका भित्रका सबै शैक्षिक संस्थाहरुमा बिद्धुतीय हाजिरी मिसिन जडान गरिनेछ चौमासिक रुपमा अनुगमन गरि उक्त हाजिर प्रमाणित गरि तलबको भुक्तानी गरिने ब्यबस्था मिलाइने छ। क्रमश सबै बिद्यालय हरुमा बिधुतिय हाजिरी मेसिन जडान गरिनेछ।

**२) स्वास्थ्य :**

● मोलुङ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा १० बजे देखि ५ बजे सम्म अनिवार्य रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रदान गरिनेछ ।

● ७० वर्ष नागेका जेष्ठ नागरिकहरुलाई टोल टोलमा स्वास्थ्यकर्मी पठाई स्वास्थ्य परिक्षणको ब्यबस्था मिलाइने छ।

● बर्षमा एक पटक गाउँपालिकाको केन्द्रमा प्रदेश सरकारसंग समन्वय गरि विशेषज्ञ सहितको स्वस्थ्य शिबिर सञ्चालन कार्यक्रमलाई संचालन गरिने छ ।

● बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ‘ए’ कार्यक्रमलाई प्रभावकारी बनाइने छ।

● प्रत्येक नागरिकले कम्तिमा पनि बर्षको एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका ब्यक्तिको समयमै उपचार गराउन सहजिकरणको लागी गाउँपालिकाको केन्द्रमा स्वास्थ्य परीक्षण प्रयोगशाला र आवश्यक जनशक्तिको व्यवस्था गर्न सम्बन्धित निकाय संग पहल गरिनेछ ।

● आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।

● २५ शैय्या अस्पताल स्थापना गर्न उपयुक्त जग्गा पहिचान गरी प्रदेश र संघीय सरकार समक्ष माग गरिने छ ।

●स्वास्थ्य विमा कार्यक्रम लागू गर्ने नेपाल सरकार को नीति लाइ गाउँपालिकाले आबश्यक सहयोग पुर्याउने छ।

● महिला स्वयम सेविकाको सेवालाई अझ प्रभावकारी बनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिदै अभिमुखीकरण तालिम संचालन गरिने छ ।

● मातृ–शिशु स्वास्थ्यमा सुधार ल्याउन गाउँपालिकामा परिचालित सरकारी गैह्र सरकारी संस्थाका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी बनाइने छ ।

●मातृ , शिशु स्याहार तथा मृत्युदर कमि गराई आमा शिशुको स्वास्थ्य स्तर सुधार्न बर्थीङ सेन्टर लाइ ब्यबस्थित गरि २४ सै घण्टा सेवा प्रदान गरिने छ साथै आबश्यक जनशक्तिको समयमै ब्यबस्था मिलाइने छ ।

●गाउँपालिका भित्रका स्वास्थ्य सस्थाहरुको सेवा प्रबाह र गुणस्तर सुधारको लागी थप अनुदानको ब्यबस्था मिलाइने छ ।

●नेपाल सरकारले निशुल्क रुपमा उपलब्ध गराउन सुचिकृत गरेका औषधिहरु निशुल्क रुपमा बर्षै भरि उपलब्ध गराउन आबश्यक पहल गरिने छ ।

●स्वास्थ्य इकाई लाइ स्वीकृति को लागी प्रदेश एबम संघीय सरकार संग माग गरि स्वास्थ्य इकाई थप ब्यबस्थित बनाउन पहल गरिनेछ।

●प्रत्येक माध्यमिक बिद्यालयमा किशोरीहरुलाई आइपर्ने समस्या समाधानको लागी उचित कार्यक्रम ल्याइने छ।

●योग सिबिर तथा नसर्ने रोग ब्यबस्थापन गर्न आयुर्बेद गाउँघर क्लिनिक संचालन गरिनेछ।

**३) खानेपानी तथा सरसफाई :**

● सम्पूर्ण खानेपानी सुबिधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।

● बजारको रुपमा बस्ती बिकास हूदैगरेकारामपुर ,प्राप्चा, रुपेटार,मंगलबारे,तालकोट जस्ता स्थानहरुमा खानेपानी आपूर्तिको दिगो ब्यबस्था गर्दै नाला तथा ढल निकासको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

● गाँउपालिका भित्र फोहोरमैला संकलन केन्द्र स्थापना गरिनेछ ।

४) संस्कृति प्रवर्द्धन :

●गाउँपालिका भित्र रहेका कुन्तादेबी बरुनेश्वर जलजलेश्वर कालिका देबी लगायत मन्दिर एबम गाउँपालिकामा रहेका गुम्बा हरुको संरक्षण र सम्बर्द्धन मा बिशेष जोड दिइने छ ।

●शेर्पा /तामांग,गुरुङ जातिको ल्होसार पर्ब,सुनुवार तथा राई जातिको चण्डी नाच,क्षेत्री ब्रहामणको बालन, लगायतका अन्य जातिको परम्परा तथा साँस्कृति संरक्षणमा जोड दिइने छ ।

● नारीहरुको महान चाड हरितालिका तीज, विभिन्न मन्दिरहरुमा हुने पूजा पाठलाई संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

५) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

● महिलाहरुको क्षमता अभिवृद्धिको लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

● आर्थिक, सामाजिक रुपमा पछाडि परेको वर्ग र दलितहरुको आयमा बढोत्तरी हुने खालका सीप र क्षमता बिकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

●लैङ्गिकहिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण, बचाउ, विकास र सहभागीतामा जोड दिने नीति लिइनेछ ।

● अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष व्यवस्था गर्दै विश्वव्यापी मापदण्ड अनुरुप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरु अपा· मैत्री बनाइने नीति लिइनेछ ।

## ग) पूर्वाधार विकास :

### १) सडक तथा पुल :

●गाउँपालिका स्तरीय रिङरोड निर्माणको लागि सम्बन्धित निकाय संग उचित पहल थालिने छ ।

●सोलु ठाडे रागादिप श्रीवानी रामपुर ओखलढुंगा सडक निर्माण संम्पन्न गरि त्यसको स्तर उन्नतिमा बिशेष जोड दिइने छ।

● गाउँपालिका भित्रका सम्पूर्ण ग्रामीण सडकहरुको स्तर उन्नति गर्नको लागि वृहत सडक गुरुयोजना बनाउने नीति लिइनेछ ।

● गाँउपालिका भित्रका वडा कार्यालय जोडिने तथा अन्य महत्वपूर्ण सडकहरुलाई सबै मौषममा चल्न सक्ने सडक(All Weather Road) को रुपमा बिकास गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

● गाउँपालिका भित्रको मुख्य ओखलढुंगा-कुन्तादेबी-रामपुर -हर्कपुर– प्राप्चा –श्रीचौर , सडक लगायत अन्य ग्रामिण ग्रामीण सडकको स्तरोन्नती गरिनेछ।

●गाउँपालिकाकाको केन्द्र प्राप्चा र रामपुर बजार जोड्ने मितेरी पुल यसै वर्ष प्रदेश सरकारएबम संघिय सरकार संगको सहकार्यमापुल निर्माण प्रक्रिया अगाडि बढाईनेछ ।

● देउराली प्राप्चा थुम्की खस्रेनी ककनी पर्यटकीय धार्मिक सडक निर्माणमा तिव्रता दिईनेछ ।

●निर्माणाधीन झोलुङ्गे पुल गुणस्तरीय बनाउन विशेष ध्यान दिइनेछ ।

●मँगलबारे स्वास्थ्य चौकी हुदै जनसहयोग आधारभूत बिद्यालय पत्कारी हुदै मंसिर गुम्बातिन तले देखि ककनी देबी थान सम्म धार्मिक पर्यटकीय मार्ग सदाको बिस्तार गर्न आबश्यक पहल थालिने छ ।

●श्रीचौर खोलाखर्क पाल्ले ताल्कोट सडक निर्माण एबम स्तर उन्नति गरिनेछ।

### २) सिंचाई :

●मोलुङ गाउँपालिका भित्रका मुख्य खेती योग्य फाँटहरुजरायोटार रामपुर टार, लगायतमासम्भाव्यता अध्ययन गरी सिंचाईको प्रबन्ध गरिनेछ ।

● बेमौसमी तथा हिँउदे तरकारी खेतीको लागि प्लाष्टिक पोखरी निर्माण गरी सिंचाइको प्रवन्ध गर्ने नीति लिइनेछ ।

### ३) भवन तथा सहरी विकास :

●मोलुङ गाउँपालिका भित्र कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन वमोजिम स्विकृती लिनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

●गाउँपालिका भित्र उपयुक्त स्थानमा वहुउद्देश्यीय कभर्डहल निर्माणमा पहल गरिनेछ ।

●रामपुर जरायोटार ढाडबेसी फुयाल गाउ सुनुवार गाउ दाहाल गाउ लगायतका स्थानहरुमा एकिकृत बस्ती विकासका लागी उचित पहल गरिनेछ ।

**४) सञ्चार :**

● मोलुङ गाउँपालिकाका प्रत्येक वडाहरुमा यसै वर्षबाट **FREE WIFI** निशुल्क इन्टरनेटको पहुँच पुऱ्याईनेछ ।

●"हात हातमा मोबाइल सेट घरघरमा इन्टरनेट"गाउँपालिका भित्र सबै ठाउमा NTC र NCELL को नेटवर्क पुग्ने गरि टावर को निर्माण गर्न संचार मन्त्रालय एबम टेलिकम संग समन्वय गर्ने नीति लिइनेछ ।

**५) उर्जा, लघु, तथा सना जलविद्युत (बैकल्पिक उर्जा समेत) :**

●मोलुङगाउँपालिका भित्रकासम्पूर्ण वडामा मोलुङ हाइड्रो मार्फ़त निस्किएको बिजुली खपत गराउन सम्बन्धित निकाय संग उचित पहल गरिनेछ ।

●मुख्य सडक आसपासको मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक वत्तीको व्यवस्था गर्ने नीति लिइनेछ ।

● विद्यालय, स्वास्थ्य चौकी, पर्यटकीय तथा धार्मिक स्थलमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सँगको सहकार्यमा सौर्य वत्ती जडान गर्ने नीति लिइनेछ ।

घ) वातावरण तथा विपद व्यवस्थापन विकास :

**१) वन तथा भु-संरक्षण :**

●मोलुङ गाउँपालिका भित्रका परम्परागत रुपले ब्यबस्थापन हुदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ कच्चा पदार्थ उत्पादन स्थलको रुपमा विकास गर्ने निति लिइने छ ।

●साबिकको हर्कपुर ६ , श्रीचौर को ९ र पात्लेको ताकोटमा जडिबुटी प्रशोधन केन्द्रको स्थापना गर्न आबश्यक पहल थालिने छ ।

● गाउँपालिकाको सार्वजनिक जग्गा खाली भिर पाखोहरुमा बृक्षारोपण गर्ने नीति लिईनेछ ।

● वनक्षेत्रमा उपलब्ध हुने चिराइतो, मछिनो,अम्रिसो, कुरीलो, वेदबाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईनेछ ।

● भुक्षय नियन्त्रण तथा जग्गा बिकास, जलाधार संरक्षण, जैबिक बिबिधता संरक्षण आदिमा विशेष ध्यान दिइनेछ ।

● सामुदायिक वनमा पर्यटन उद्यम प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

**२) जलाधार संरक्षण :**

● मुहान तथा पोखरीहरुको संरक्षण गरी रिर्जभ सिस्टममा ध्यान पुर्‍याइनेछ ।

●मोलुङ खोलामा जलाधारको समग्र उपयोगका लागी माछापालन, र सिंचाई वहुउद्देश्यीय सम्भाब्यता अध्ययन गरि प्रतिवेदन तयारगरिनेछ ।

**३) वातावरण संरक्षण :**

● नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार यस गाउँपालिकाले यसै आ.व.देखी नै कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई गाउँपालिकाको मुल नीतिको रुपमा लिई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने छ ।

● प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ । ● वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाइनेछ ।

● जलवायु अनुकुलित गाउँपालिका प्रदुषण न्युनीकरण र दिगो विकासका लागि वातावरण मैत्री कार्यक्रमहरुलाई जोड दिइनेछ ।

## ४) फोहोर मैला व्यवस्थापन ( Sanitary Land fill Sites):

● गाँउपालिका भित्र स्थापित फोहोर मैला व्यवस्थापन केन्द्रलाई स्थापना गरि त्यसलाई व्यवस्थीत र प्रभावकारी बनाउने नीति लिइनेछ ।

● नागरिकहरुमा कुहिने र नकुहिने फोहोर मैलाको बर्गीकरण गरि फोहोरलाई उपयुक्त स्थान व्यवस्थापन गर्न सहयोग पुर्‍याउने खालको कार्यक्रमहरु संचालन गरिनेछ ।

●सडकहरूमा चल्ने सवारी साधनबाट निष्कने फोहोरलाई न्युनीकरण र नियन्त्रण गर्न निश्चित स्थानमा विसर्जन गर्ने व्यवस्था मिलाइने छ ।

## ५) जल उत्पन्न प्रकोप नियन्त्रण :

● बर्षाको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिनेछ ।

## ६) विपद व्यवस्थापन :

● आकस्मिक रुपमा आइपर्न सक्ने विपदको व्यवस्थापन गर्नको लागि समुदाय, सरोकारवाला संघ संस्थाहरु सँग समन्वय गरी विपद पूर्वको तयारी, विपद पश्चातको उद्धार कार्यक्रमहरु बनाई लागु गर्ने नीति लिइनेछ।

●विपदको पूर्व तयारीका लागि १ वडा १० जना स्वयम सेवक तयार गरिनेछ ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह :

## १) मानव संसाधन विकास :

● सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ ।

●श्रम बजारमा माग अनुरुपको जनशक्ति तयार गर्न आवश्यक कार्यक्रमहरु तय गरी लागु गरिनेछ ।

## २) सामान्य सेवा व्यवस्थापन :

● सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, चुस्त, गुणस्तरीय र नागरिक मैत्री बनाउने नीति लिइनेछ ।

● वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा प्रदान गर्ने नीति लिइनेछ ।

**३) संस्थागत क्षमता विकास :**

● समय सापेक्ष कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि सयम समयमा तालिम, गोष्ठि, अभिमुखीकरणका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

● गाउँपालिका, वडा र विषयगत कार्यालयहरुमा सूचना प्रविधिमा आधारित उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने नीति लिइनेछ ।

**४) राजश्व परिचालन :**

● आ.व ०७५।०७६ देखि एकीकृत सम्पती कर नियम बनाई लागु गरिनेछ ।

● गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने स्रोतहरुको पहिचान गरि राजश्वको परिचालन गरिनेछ ।

● नागरिकहरुमा कर तिर्ने बानिको विकास गरि राजश्व चुहावट प्रबृद्धिलाई निरुत्साहित गरिनेछ ।

● यस गाउँपालिका क्षेत्रभित्र रहेका सवारी साधनहरुले नवीकरण गर्दा लिईने स्थानीय कर यसै गाउँपालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने नीति लिइनेछ ।

● निकासी कर, पटके कर, व्यवसायीक कर, ढुङ्गा गिटी र वालुवाको उत्खनन् र निकासीबाट राजस्व संकलन गर्ने नीति लिइनेछ ।

**५) वित्तिय व्यवस्थापन :**

● गाउँपालिकाको आर्थिक कारोवारहरुलाई पारर्दशी र चुस्त बनाउन आर्थिर्क कारोबारलाई अनलाइन प्रविधि मार्फत गर्ने नीति लिइनेछ ।

●लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।

●सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइने छ ।

● आन्तरिक लेखा परीक्षण प्रणाली लाई व्यवस्थित र प्रभावकारी बनाई आन्तरिक लेखा नियन्त्रण गर्ने नीति लिइनेछ ।

**६) सुरक्षा व्यवस्थापन :**

● गाउँपालिको केन्द्र, लगायतसुरक्षाको उच्च जोखिम रहेका क्षेत्रहरुमा सिसि क्यामरा जडान गरी आवश्यक निगरानी राखिनेछ ।

● चोरी, लागु औषधी तथा अन्य अपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।

●गाउँपालिकाको केन्द्र प्राप्चा लगायत संबेदनशिल क्षेत्रमा अस्थाई प्रहरी चौकी निर्माण गर्न सम्वन्धित निकायसँग पहल गर्ने नीति लिइनेछ ।

**७) स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन :**

● गाउँपालिकाको विभिन्न क्षेत्र संग सम्वन्धी तथ्यांकहरु संकलन गर्ने र संकलन भएको तथ्यांकलाई आधुनिक प्रविधिबाट अध्यावधीक गर्दै अभिलेख सुरक्षीत तरिकाले व्यवस्थापन गर्ने नीति लिइनेछ ।

●शैक्षिक तथा स्वास्थ्य सस्थाहरुको प्रगतिविवरणलाइ सूचना प्रविधिको माध्यमबाट अभिलेख राखी माथिल्लो निकायमा समयमै प्रतिबेदन पेश गर्नको लागी आबश्यक ब्यबस्था मिलाईने छ ।

**८) सूचना प्रविधि :**

● गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा, कार्यक्रम, सूचना प्रवाह प्रणालीलाई प्रभाबकारी र पारदर्शी बनाउनको लागी WEBSITE, Mobile Apps मार्फत समयमा सार्वजनिक गर्ने र अनलाइन सेवा प्रवाहको नीति लिइनेछ ।

● वडा कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट पेश र सुचना आदान प्रदान गर्ने प्रणालीको विकास गरिनेछ ।

● नागरिकहरुमा इन्टनेटको माध्यमबाट सूचना लिने, दिने, गुनासो टिपोट गराउने प्रणालीको विकास गरिनेछ ।

● गाउँपालिकाको केन्द्रमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

९) सार्वजनिक सुनुवाई :

● गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता र पारर्दर्शिता सम्वन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईको कार्यक्रम गर्ने नीति लिइनेछ ।

● कार्यालयको सुझावपेटिका मार्फत प्राप्त गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्र्यौट गर्दै जाने नीति लिईने छ ।

**१०) पञ्जीकरण व्यवस्थापन :**

● गाउँपालिकाको व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली, , सामाजिक सुरक्षा भत्तालाई आधुनिक बैंकिङ प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

● अनलाइन व्यक्तिगत घटना दर्ता प्रत्येक वडा कार्यालय मार्फत संचालन गर्ने व्यवस्था मिलाइने छ।

**११) सुशासन प्रवर्द्धन :**

● कर्मचारीलाई सेवाप्रति लगनशील र कर्तव्यनिष्ठ बनाई जनमुखी सेवा प्रवाहमा जोड दिइनेछ र यसको लागि दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइने छ ।

● गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदअनुकुलको व्यवहार गर्दै लगिने छ ।

●कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने छ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयार गरिने छ ।

**१२) वेरुजु फछ्यौट :**

● हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ , पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ। पुरानो पेश्की फछ्यौट बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्वन्न पेश्की फछ्यौट गराउन आवश्यक पहल गरिने छ।

**१३) अन्य नीतिहरु :**

•मोलुंङ २ मा रहेको सहिद पार्कलाई संरक्षण एबम सम्बर्द्धन बिशेष जोड दिइने छ। मोलुङ गाउँपालिका भित्र  कार्यक्रम सञ्चालन गर्दै गरेका र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेका विभिन्न गैर सरकारी संघ संस्थाहरुलाई गाउँपालिका मातहात बाट सञ्चालन गरिनेछ।

•सहिदहरुको स्मृतिमा संचालित सहिद स्मृति भलिबल प्रतियोगितालाई निरन्तरता दिइने छ ।

•खेल मैदान निर्माण, राष्ट्रिय खेल भलिबल लगायत युवाहरुको आकर्षण रहेका खेलहरुलाईलाइविशेष प्रोत्साहन गर्ने निती लिइनेछ।

● गाउँपालिकाका सवै वडाहरुमा वडा स्तरीय मेलमिलाप समितिको गठन गरी वडा तहमै न्याय निरुपण गर्ने नीति लिइनेछ।

•साहित्य क्षेत्रको बिकास का लागि मोलुङसाहित्य प्रतिष्ठानको स्थापना गरिनेछ।

•युग कबि सिद्दिचरण श्रेष्ठकोस्मृतिमा विभिन्न साहित्यिक गतिविधि संचालन गरिनेछ।

● गाउँपालिका भित्रका कला, सँस्कृति र सृजनामा लागेका सर्जकहरु तथा बौद्धिक व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

**धन्यवाद।**